# आकाशवाणी समाचार- नेपाली
# मितिः २२ जून २०२६
# समयः ०७:२५ - ०७:३५ बजे (*अवधिः १० मिनट*)

## प्रमुख समाचार

- राष्ट्रपति द्रौपदी मुर्मुले आज मध्य प्रदेशको श्योपुरमा रहेको कुनो राष्ट्रिय उद्यानको भ्रमण गर्नुहुनेछ।

- प्रधानमन्त्री नरेन्द्र मोदीले देशको आर्थिक र रणनीतिक शक्तिमा समुद्री क्षमताले महत्त्वपूर्ण भूमिका खेल्छ र भारत यसलाई बलियो बनाउने दिशामा द्रुत गतिमा अगाडि बढिरहेको बताउनुभएको छ।

- भारतले आजदेखि नयाँ दिल्लीमा ब्रिक्स देशका राष्ट्रिय सुरक्षा सल्लाहकारहरूको दुई दिवसीय बैठक आयोजना गर्नेछ।

- नेपालको काठमाडौंमा स्थित भारतीय दूतावास र वीरगञ्जस्थित भारतीय वाणिज्य दूतावासले १२ औं अन्तर्राष्ट्रिय योग दिवसको अवसरमा २२ वटा योग कार्यक्रम आयोजना गरेको थियो।

- राष्ट्रिय परीक्षण एजेन्सीले आजदेखि UGC NET जुन २०२६ को परीक्षा सुरु गर्दैछ।

**राष्ट्रपति द्रौपदी मुर्मु**

राष्ट्रपति द्रौपदी मुर्मुले आज मध्य प्रदेशको श्योपुरमा रहेको कुनो राष्ट्रिय उद्यानको भ्रमण गर्नुहुनेछ। उहाँले चितुवा पुनर्प्रवर्तन परियोजनाको प्रगतिको समीक्षा गर्नुहुनेछ र चितुवा हेरचाहकर्ता, वन अधिकारी र स्थानीय मानिसहरूसँग अन्तरक्रिया गर्नुहुनेछ। हिजो, राष्ट्रपतिले चितुवा कमाण्ड एण्ड कन्ट्रोल सेन्टरको भ्रमण गर्नुभयो। अधिकारीहरूले उहाँलाई हाल देशमा ५२ वटा चितुवा रहेको, जसमध्ये ४९ वटा कुनो राष्ट्रिय निकुञ्जमा रहेको जानकारी दिए।
प्रधानमन्त्री नरेन्द्र मोदीले २०२२ मा नामिबियाबाट ल्याइएको आठ वटा चितुवालाई कुनो राष्ट्रिय निकुञ्जमा छाडेर चितुवा पुनर्प्रवर्तन परियोजनाको सुरुवात गर्नुभएको थियो।

**प्रधानमन्त्री INS**

प्रधानमन्त्री नरेन्द्र मोदीले देशको आर्थिक र रणनीतिक शक्तिमा समुद्री क्षमताले महत्त्वपूर्ण भूमिका खेल्छ र भारत यसलाई बलियो बनाउने दिशामा द्रुत गतिमा अगाडि बढिरहेको बताउनुभएको छ।हिजो कोलकातामा स्वदेशी रूपमा निर्मित तीन नौसेना जहाजहरू - दुनागिरी, संशोधन र अग्रय - नौसेनामा समावेश गरेपछि, प्रधानमन्त्रीले भारत रक्षा क्षेत्रमा आत्मनिर्भर हुँदै गइरहेको र केवल हतियारको खरिदकर्ता मात्र भएर बस्न नचाहने भनि बताउनुभयो।उहाँले समुद्री क्षमता बिना कुनै पनि देश विश्वव्यापी शक्ति बन्न नसक्ने बताउनुभयो। उहाँले विकास, सुरक्षा र समृद्धि समुद्रसँग प्रत्यक्ष रूपमा जोडिएको छ भनि बताउनुभयो। श्री मोदीले यी नयाँ जहाजहरूको समावेशले आईएनएस विक्रान्तबाट सुरु भएको आत्मनिर्भरताको यात्रालाई अझ तीव्र बनाउने बताउनुभयो।प्रधानमन्त्रीले विगत केही वर्षहरूमा नौसेनामा ४० भन्दा बढी युद्धपोत र पनडुब्बीहरू समावेश गरिएको र अन्य ४५ ठूला नौसेना जहाजहरू निर्माणाधीन रहेको बताउनुभयो।

(BYTE)

**प्रधानमन्त्री योग**

प्रधानमन्त्री नरेन्द्र मोदीले अन्तर्राष्ट्रिय योग दिवस २०२६ लाई विश्वव्यापी उत्सव बनाएकोमा विश्वभरिका मानिसहरूलाई धन्यवाद दिनुभएको छ। एक सामाजिक सञ्जाल पोस्टमा, प्रधानमन्त्रीले योगले स्वस्थ जीवन र कल्याणको साझा खोजीमा विभिन्न

देशका सबै क्षेत्रका मानिसहरूलाई एकताबद्ध गरिरहेको देख्नु खुशीको कुरा रहेको बताउनुभयो। उहाँले यो दिनले आगामी समयमा धेरै मानिसहरूलाई योगलाई आफ्नो दैनिक जीवनको हिस्सा बनाउन प्रेरित गर्ने आशा व्यक्त व्यक्त गर्नुभयो ।

**ब्रिक्स बैठक**

भारतले आजदेखि नयाँ दिल्लीमा ब्रिक्स देशका राष्ट्रिय सुरक्षा सल्लाहकारहरूको दुई दिवसीय बैठक आयोजना गर्नेछ। राष्ट्रिय सुरक्षा सल्लाहकार अजित डोभलले बैठकको अध्यक्षता गर्नुहुनेछ। बैठकमा साइबर सुरक्षा, डिजिटल खतरा, आर्टिफिशियल इंटेलिजेंसबाट उत्पन्न जोखिम र अन्य गैर-परम्परागत सुरक्षा चुनौतीहरूको बारेमा चर्चा हुनेछ। प्रतिनिधिहरूले आतंकवाद विरोधी सहयोग र सूचना तथा सञ्चार प्रविधिको सुरक्षित प्रयोगसँग सम्बन्धित मामिलाहरूको पनि समीक्षा गर्नेछन्।
बैठकमा भारत, ब्राजिल, चीन, रूस र दक्षिण अफ्रिका सहित ११ ब्रिक्स सदस्य देशका सुरक्षा प्रमुखहरू उपस्थित हुनेछन्। बैठकमा चिनका विदेशमन्त्री वाङ यी पनि उपस्थित हुनेछन्। यो भारतको चौथो ब्रिक्स अध्यक्षता हो। यस वर्षको अध्यक्षताको विषयवस्तु "लचिलोपन, नवीनता, सहयोग र सतत विकास निर्माण" हो।

**केन्द्रीय माध्यमिक शिक्षा बोर्ड**

केन्द्रीय माध्यमिक शिक्षा बोर्ड (CBSE) ले कक्षा १२ को अंक प्रमाणीकरण र पुनर्मूल्याङ्कनको परिणाम सार्वजनिक गर्न थालेको छ। बोर्डका अनुसार ८७ प्रतिशतभन्दा बढी आवेदनको परिणाम घोषित भइसकेको छ भने बाँकी परिणाम चाँडै सार्वजनिक गरिनेछ। CBSE ले विद्यार्थीहरूलाई आधिकारिक जानकारीमा मात्र भरोसा गर्न र अफवाहबाट बच्न आग्रह गरेको छ।

**गोयल - भारत ईयू**

केंद्रीय वाणिज्य अनि उद्योग मंत्री पीयूष गोयलले भन्नुभएको छ कि भारत अनि यूरोपीय संघ बीच बहुप्रतीक्षित मुक्त व्यापार समझौता माथि यसै वर्ष दिसंबरसम्म हस्ताक्षर हुने आशा छ । यो समझौता आगामी वर्ष फरवरी वा मार्च सम्ममा लागू हुन सक्ने उहाले बताउनुभयो । श्री गोयलले आज मुंबईमा एक कार्यक्रमलाई संबोधित गर्दैहुनुहुन्थ्यो । उहाले भन्नुभयो – यस समझौताले भारतीय व्यवसायीहरुलाई यूरोपको लगभग पुरै बाजार सम्म धेरै सस्तो वा शून्य सीमा शुल्कमा पहुंच सुनिश्चित हुनेछ अनि भारतको निर्यातलाई पनि ठुलो बढ़ावा पुग्नेछ ।

**राष्ट्रपति पद्म**

राष्ट्रपति द्रौपदी मुर्मुले भोलि नागरिक अलंकरण वर्ष २०२६ को दोस्रो समारोहमा पद्म पुरस्कार प्रदान गर्नुहुनेछ। यस अवसरमा, हामी हाम्रो विशेष श्रृंखला, पीपल्स पद्म ऑन आकाशवाणी अन्तर्गत १५ विशेष कार्यक्रमहरू प्रस्तुत गर्दैछौं।
यी कार्यक्रमहरूले श्रोताहरूलाई सम्मानित व्यक्तित्वहरूको प्रेरणादायी जीवन र अमूल्य योगदानको बारेमा नजिकबाट जान्ने अवसर प्रदान गर्नेछ। यी विशेष कार्यक्रमहरू आज र भोलि बिहान ९ बजेर १० मिनटमा आकाशवाणी गोल्ड प्रसारण हुनेछन्। यो कार्यक्रम 'News On Air' एप र 'NEWS ON AIR OFFICIAL' YouTube च्यानलमा पनि सुन्न सकिन्छ।

**बृहन्मुम्बई विद्युत आपूर्ति तथा परिवहन**

बृहन्मुम्बई विद्युत आपूर्ति तथा परिवहन (BEST) का कर्मचारीहरूको अनिश्चितकालीन हडताल हिज राति उनीहरूको युनियन र महाराष्ट्रका उपमुख्यमन्त्री एकनाथ शिन्दे बीचको बैठक पछि समाप्त भएको छ।
विगत तीन दिनदेखि मुम्बईमा हडतालले बस सेवाहरूमा गम्भीर असर पारेको थियो, जसले गर्दा यात्रीहरू आफ्नो दैनिक यात्राको लागि स्थानीय रेल, मेट्रो सेवा, ट्याक्सी र अटो-रिक्सामा भर पर्न बाध्य भएका थिए।
महाराष्ट्रका परिवहन मन्त्री प्रताप सरनाईक, विधायक सचिन अहिर र मुर्जी पटेल, बृहन्मुम्बई महानिदेशक (BMC) का आयुक्त अश्विनी भिडे, BEST महाप्रबन्धक सोनिया सेठी र संघका प्रतिनिधिहरू सह्याद्री गेस्ट हाउसमा भएको बैठकमा उपस्थित थिए।
श्री शिन्देले सम्झौता अन्तर्गत, BEST का कर्मचारीहरूले ३ हजार रुपियाँको अन्तरिम मासिक वेतन वृद्धि पाउने घोषणा गर्नुभयो, जबकि वेट-लीज अपरेटरहरूका कर्मचारीहरूले नयाँ वेतन सम्झौता अन्तिम रूप नआएसम्म प्रति महिना २ हजार पाउनेछन्। उहाँले BEST प्रशासनलाई चालू आर्थिक वर्ष भित्र कर्मचारीहरूको बाँकी रहेको उपदान तिर्न र हडताल समाप्त भएपछि तुरुन्तै बस

सेवाहरू पुनः सुरु गर्न निर्देशन दिनुभयो। उहाँले बेस्ट प्रशासनले प्रस्ताव गरेको पुनरुत्थान योजनालाई सकेसम्म चाँडो राज्य सरकारमा पेश गरिने र स्वीकृतिको लागि मन्त्रिपरिषद्मा राख्ने आश्वासन पनि दिनुभयो।

**नेपाल योग दिवस**

१२ औं अन्तर्राष्ट्रिय योग दिवसको अवसरमा काठमाडौंस्थित भारतीय दूतावास र वीरगञ्जस्थित भारतीय वाणिज्य दूतावासले २२ वटा योग कार्यक्रम आयोजना गरेको थियो। नेपालका ११ शहर र नगरपालिकाहरू: काठमाडौँ, पोखरा, लमजुङ, लुम्बिनी, जनकपुर, चितवन, वीरगञ्ज, हेटौंडा, सखुवा परसौनी, पोखरिया र बरियारपुरमा १३,००० भन्दा बढी योग उत्साहीहरूले भाग लिएका थिए।

यस वर्षको विषयवस्तु, "स्वस्थ आयु का लागि योग" अनुरूप भारतीय दूतावासले १५ मई, २०२६ मा पशुपतिनाथ मन्दिरमा योग प्रदर्शन सहित एक प्रारम्भिक कार्यक्रम आयोजना गरेको थियो। थप रूपमा, दूतावासले काठमाडौँ र पाँच युनेस्को विश्व सम्पदा स्थलहरूमा योग आसनहरू पनि प्रदर्शन गरेको थियो। यी कार्यक्रमहरूमा योग उत्साहीहरू, सेलिब्रेटीहरू, स्थानीय अधिकारीहरू, सोशल मीडिया इन्फ्लुएंसर्स, नेपाली योग संस्थाहरू र भारतीय डायस्पोरा सक्रिय रूपमा उपस्थित थिए।

**महिला टी-२० विश्वकप**

महिला टी-२० विश्वकप क्रिकेटमा दक्षिण अफ्रिकाले भारतलाई छ विकेटले पराजित गऱ्यो। म्यानचेस्टरमा खेलिएको ग्रुप-ए को म्याचमा भारतले दिएको १५९ रनको लक्ष्य पछयाउँदै दक्षिण अफ्रिकाले पाँच बल बाँकी रहँदा चार विकेट गुमाएर १६१ रन बनाएको थियो।

दक्षिण अफ्रिकाको लागि मारिजान क्यापले अविजित ८१ रनको शानदार इनिङ खेलिन् उनलाई प्लेयर अफ द म्याच प्रदान गरियो। भारतको लागि शफाली वर्माले सर्वाधिक ३१ रन बनाएकी थिइन्।

**मुख्य समाचार        बिहान ७.२५ बजे ,दिनांक १७ /०६/२६.**

१.प्रधानमंत्री नरेन्द्र मोदीले  फ्रांसमा हिज जी-7 शिखर सम्मेलनमा  एक सत्रलाई संबोधित गर्नुहुदै अंतरराष्ट्रीय साझेदारीमा  **विश्वास** को  महत्वमाथि  ज़ोर दिनु भएको छ ।

२.जी-7 शिखर सम्मेलनको  क्रममा , प्रधानमंत्री नरेंद्र मोदीले  आज अमरीकाका  राष्ट्रपति डोनाल्ड ट्रंपको  साथ बैठक गर्नुहुनेछ ।

३.यमुना नदीको पुनरुत्थानका लागि किशाउ बाँध परियोजनामा छवटा राज्यबीच सहमति भएको छ।।

**४.आगामी NEET परीक्षालाई ध्यानमा राख्दै राष्ट्रिय परीक्षण एजेन्सी (NTA) ले विद्यार्थी र अभिभावकहरूलाई ठगी गर्नेहरूबाट सावधान रहन आग्रह गरेको छ।**

**५.श्रीलंकामा त्रिकोणात्मक एकदिवसीय क्रिकेट शृंखलामा आज भारत ए ले अफगानिस्तान ए को सामना गर्नेछ। खेल बिहान १०:०० बजे सुरु हुनेछ।**